**नेपाली** / ***NEPALI***

## Kate Battiato लाई अन्तरिम *University Staff* सचिव घोषणा गरियो

सार्वजनिक नीति, सरकारी सम्बन्ध, कार्यबल विकास तथा संस्थागत नेतृत्वमा वहाँको व्यापक अनुभवका साथ, अर्थ तथा प्रशासनका उपकुलपतिको कार्यालय (*VCFA*) ले यो घोषणा गर्न खुशी छ कि Kate Battiato ले अक्टोबर २९ तारिखबाट शुरू हुने गरी अन्तरिम *University Staff* सचिवको रूपमा काम गर्नुहुनेछ।

वहाँको पेशाभरि, Kate ले राज्यको सरकार, उच्च शिक्षा तथा गैर सरकारी संस्थाका क्षेत्रहरूमा जटिल पहलहरूको नेतृत्व गर्नुभएको छ। हालसालै, वहाँले *LeadingAge Wisconsin* मा सञ्चार तथा समुदाय प्रभावका उपाध्यक्षको रूपमा काम गर्नुभयो। वहाँको पृष्ठभूमिमा *Wisconsin Health Care Association* मा नेतृत्वका भूमिकाहरू तथा गभर्नर Tony Evers को कार्यालयमा नीति तथा विधान सहायकको रूपमा काम गरेको पनि समावेश छ। वहाँको पेशाको शुरूवातमा, वहाँले विस्कन्सिन राज्यको सभामा र *Wisconsin Association of School Boards* मा नीति सल्लाहकारको रूपमा काम गर्नुभयो, जहाँ वहाँले राज्य सरकार, सार्वजनिक नीति, सरोकारवाला संलग्नता तथा मतदाता सेवामा बलियो जग बनाउनुभयो।

Kate सँग विश्वविद्यालयमा पनि बलियो सम्बन्ध छ, पहिले *La Follette School of Public Affairs* मा पेशा विकास संयोजकको रूपमा काम गर्नुभएर अनि *UW–Madison* बाट राजनैतिक विज्ञानमा ब्याचेलर र सार्वजनिक मामिलामा मास्टर डिग्री हासिल गर्नुभएर। “यस महत्त्वपूर्ण अन्तरिम भूमिकामा Kate आउनुभएकोमा हामी आभारी छौँ र वहाँसँग काम गर्न तत्पर छौँ,” अर्थ तथा प्रशासनका उपकुलपति Rob Cramer ले भन्नुभयो।

Kate ले यो काम थाल्दै हुनुहुन्छ जब वहाँको पूर्ववर्ती John Lease, अक्टोबर ३० तारिखमा अवकाश प्राप्त गर्दै हुनुहुन्छ। यस कार्यपदमा स्थायी व्यक्ति राख्नका लागि खोजी प्रक्रिया अहिले जारी छ।

“John को नेतृत्व, स्थिर मार्गदर्शन तथा *University Staff* को विविध सीप र दृष्टिकोण प्रतिको आभारीका कारण विश्वविद्यालयको साझा प्रशासन नमुनामा गहिरो छाप परेको छ। म वहाँलाई वहाँको अवकाशका लागि शुभकामना तथा वहाँको कैयौँ वर्षको सेवाको लागि धन्यवाद व्यक्त गर्न चाहन्छु,” *VCFA* का कर्मचारी प्रमुख, John Horn ले भन्नुभयो।